# मुड्केचुला गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

## नर्कु , डोल्पा

## कर्णाली प्रदेश नेपाल

**सार्वजनिक सुनुवाई कार्यक्रमको प्रतिवेदन २०८१**

**प्रथम चौमासिक प्रतिवेदन**

आ.व. २०८१/०८२

**विषय सूचि :**

१. पृष्ठभूमि :..............................................................

२. सार्वजनिक सुनुवाइ कार्यक्रमको औचित्य ...............................

३. सार्वजनिक सुनुवाई कार्यक्रमको उद्देश्य ...................................

४. सार्वजनिक सुनुवाई कार्यक्रमको विवरण .................................

५. सार्वजनिक सुनुवाई कार्यक्रममा छलफल गरिएका प्रतिवेदन......................

६. सार्वजनिक सुनुवाई कार्यक्रममा छलफल गरिएका विषयवस्तु ................

७. सार्वजनिक सुनुवाई कार्यक्रममा भएको उपस्थिति ...........

८. सार्वजनिक सुनुवाई कार्यक्रममा उठेका जिज्ञासा, प्रश्न तथा जवाफ.........

९. सार्वजनिक सुनुवाई गर्न अपनाइएका विधिहरु.................

१०. सार्वजनिक सुनुवाई कार्यक्रमबाट भएका सिकाईहरु .....................

११. सार्वजनिक सुनुवाई कार्यक्रमको महत्व..........................

१२. सुझाव ..................................

१३. निष्कर्ष ..................................



CamScanner

# सार्वजनिक सुनुवाई कार्यक्रमको प्रतिवेदन २०८१ प्रथम

## चौमासिक

१. पृष्ठभूमि : नेपालको संविधान २०७२ अनुसार राज्यको पुर्न संरचना भई तीन तहको सरकारको अवधारणाबाट निर्वाचन सम्पन्न भएको छ। जननिर्वाचित प्रतिनिधिहरुले सरकार सञ्चालन गरि रहेका छन्। तीन तहको सरकारले सञ्चालनको दायित्व अनुसार आ-आफ्नो ऐन, कानुन बनाउने र अधिकारको उपयोग गर्ने कार्यको थालनी भएको छ। संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारको ऐन कानून बमोजिम सरकार सञ्चालनको प्रकृया थालनी भएपछि स्थानीय सरकारले पनि सोही अनुरुप अभ्यास गर्दै आएका छन्। जसअनुसार विगतका संरचनाहरुमा रहेका शिक्षा, स्वास्थ्य, महिला तथा बालबालिका, कृषि, पशु विकास लगायतका स्थानीय सरकार मातहत हस्तान्तरण भई सकेको अवस्था छ। विभिन्न विषयगत इकाइहरुमा रहेका सेवा प्रवाह आर्थिक विकास अन्तर्गत कृषि, विकास, पशु विकास, पर्यटन विकास, उद्यम विकास, सामाजिक विकास अन्तर्गत शिक्षा, स्वास्थ्य, लैगिंकसमानता, सामाजिक समावेशीकरण, महिला, बालबालिका, आदिवासी जनजाती, दलित, अपाङ्ग, पिछडा वर्ग, जेष्ठ नागरिक, खेलकुद, खानेपानी सरसफाई सुशासनतथा अन्तरसम्बन्धित क्षेत्रतर्फ प्रशासकीय र वित्तिय सुशासन गरिबी निवारण, रोजगारी, वन वातावरण, विपद् व्यवस्थापन, लगायतका क्षेत्रमा नागरिकताको संग्लनता बढाउनतर्फ स्थानीय सरकार लागेका छन्।

स्थानीय तहको योजना तर्जुमा, कार्यान्वयन र लाभको हकमा समुदायको सहज पहुँच हुने अवस्था सिर्जना भएको छ। विकेन्द्रिकरणको अवधारणा अनुसार विकासका प्रयासलाई स्थानीय स्तरबाट नै सुरु गर्न सरकारले विभिन्न नीति नियमहरु लागू गर्दै आएको छ। तिनै ऐन, नीति, नियम तथा कार्यक्रमहरुले स्थानीय तहको सञ्चालन तथा व्यवस्थापन सुदृढीकरण गर्दै अगाडि बढाई रहेका छन्। कुनैपनि कार्यालयको कामलाई सुशासन, पारदर्शीता, जवाफदेहिता, र जनसभागीता र विधिको साशन स्थापनाको लागि सार्वजनिक सुनुवाई कार्यक्रम गर्ने चलन रहेको छ। जनताको आवाज तथा जनगुनासोहरुको प्रत्यक्ष रुपमा सम्बन्धित संघ संस्था तथा कार्यालयका प्रतिनिधिहरुले जवाफ दिने कार्यक्रमलाई सार्वजनिक सुनुवाई भनिन्छ। यो कार्यक्रम जनताप्रतिको जवाफदेहीता, उत्तरदायित्व, र विकास सँग सम्बन्धित रहन्छ।

मुड्केचुला गाउँपालिको कार्यालयबाट प्रवाह भइरहेको सेवा, विकास निर्माण, बजेट, भौतिक पूर्वाधार निर्माण, सामाजिक विकास, शिक्षा, स्वास्थ्य, सरसफाई लगायतका विविध विषयमा जनतालाई सुशासनको प्रत्याभूति दिनु र आम जनमानसमा स्थानीय सरकारलाई सफल एवं सबल संस्थाको रुपमा स्थापित गर्नका लागि सार्वजनिक सुनुवाई सञ्चालन गर्न सार्वजनिक सुनुवाई कार्यविधि २०६७ अनुसार वर्षको कम्तिमा तीन पटक सार्वजनिक सुनुवाई गर्ने गरी व्यवस्था मिलाइएको छ। तीनै व्यवस्थाहरुमध्ये प्रथम ...चौमासिक अवधिमा सञ्चालन गरिएका योजना आयोजना तथा सम्पादन गरेका समग्रमा कार्यहरुको सार्वजनिक सुनुवाई कार्यक्रम सञ्चालन भएको छ।

नेपालको संविधान २०७२ को प्रस्तावनामा सहभागितामुलक र सुशासन लगायतका कुरामा प्रतिवद्धता रहेको उल्लेख गरिएको छ। यसका साथै स्थानीय सरकार सञ्चालन सम्बन्धमा व्यवस्थ ।गर्न बनेको ऐन २०७४, सुशासन प्रवर्द्धन रणनीति तथा कार्ययोजना २०७४, स्थानीय तह बजेट तर्जुमा कार्यान्वयन,



CS CamScanner

आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्बन्धि निर्देशिका २०७४, स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन २०७४, सुशासन ऐन २०६४, सूचनाको हक ऐन २०६४, क्षतिपूर्तिसहितको नागरिक वडापत्र २०६९ लगायतले सुशासन प्रवर्द्धनका लागि जोड दिएको छ। स्थानीय तहमा सुशासन वा सामाजिक जवाफदेहिता प्रवर्द्धनका लागि विभिन्न औजारहरुको अभ्यास गर्न र उपभोक्ता समितिबाट सम्पन्न विभिन्न योजनालाई पारदर्शी बनाउने अभ्यासका लागि विभिन्न नीति, निर्देशिका, कार्यविधि तयार गरि सोही आधारमा स्थानीय तह सो सँग सम्बन्धित सेवाप्रदायक इकाईहरु र निकायबाट प्रवाह हुने सेवामा प्रभावकारी बनाउदै लैजाउन आवश्यक रहेको छ।

यस सार्वजनिक सुनुवाई कार्यक्रमको सहजिकरण तथा सहकार्य ..दार्चुला विकास संगठन सारथि एफएम ९०.७) बाट भएको थियो।

२. सार्वजनिक सुनुवाईको औचित्य : मुड्केचुला गाउँपालिका/नगरपालिकाको सार्वजनिक सुनवाई कार्यविधि २०६७ मा व्यवस्था भए अनुसार ०८१/०८२ आर्थिक वर्षको विनियोजित बजेट तथा कार्यक्रमहरुबाट सञ्चालन र सम्पादन गरेको कामहरुको सार्वजनिक सुनुवाई गर्नुपर्ने कुरा उल्लेख भएको छ। मुड्केचुला गाउँपालिकाको .प्रथम चौमासिक अवधिमा सञ्चालन भएका विकास निर्माणका कार्यहरु तथा स्थानीयको लागि पुऱ्याएको सेवा सुविधाहरुको बारेमा सेवाग्राहीको प्रतिक्रिया तथा गुनासाहरुका साथै आगामि दिनहरुमा सुधार गर्नका लागि चाल्नुपर्ने कदमहरु बारेमा जानकारी लिने महत्वपूर्ण कार्यहरुका लागि सार्वजनिक सुनुवाई कार्यले सघाउँछ। कानुनी शासन सामाजिक उत्तरदायित्व तथा सार्वजनिक जवाफदेहिताको कार्य जिम्मेवारी निभाउन यस कार्यले सघाउ पुऱ्याउने छ। यसको साथै हालको वर्षयता स्थानीय तहहरुको कार्यसम्पादनमा आधारित अनुदान वितरण पद्धति लागू गरेको स्थानीय तहको सार्वजनिक सुनुवाई कार्यलाई सूचनाको हक दिलाउने एउटा महत्वपूर्ण औजारको रुपमा राखिएकोले पनि सार्वजनिक सुनुवाईको महत्व र अपरिहार्यता प्रष्ट पार्दछ।

३. सार्वजनिक सुनुवाई कार्यक्रमको उद्देश्य :

सार्वजनिक सुनुवाई गर्नुको मुख्य उद्देश्य चालू आर्थिक वर्ष ०८१/०८२ मा गाउँपालिकाबाट भएका सेवा तथा सम्पादन गरिएका कार्यक्रहरुको बारेमा जनताको बुझाई र प्रतिक्रिया लिने तथा जनताको गुनासो सम्बोधन गर्नु मुख्य उद्देश्य हो। यसका विशिष्ट उद्देश्यहरु तपशिल अनुसार रहेका छन्।

- गाउँपालिकाको सेवा प्रवाहमा पारदर्शीता, जवाफदेहिता र उत्तरदायित्व कायम गर्न।
- गाउँको सेवा एवं विकास निर्माणबारे सरोकारवालाहरुको धारणा, जिज्ञासा, विचार र सुझावलाई सम्बोधन गर्न।



CamScanner

- स्थानीय तहबाट प्रवाह हुने सेवा, सुविधा तथा वस्तुकाबारेमा सेवाग्राही नागरिकबाट पृष्ठपोषण लिन ।

- स्थानीय सरकार र नागरिकहरुका बीचमा दोहोरो सम्वाद स्थापित गर्न ।

- विकास निर्माण प्रक्रियामा रचनात्मक प्रतिनिधित्व गराई पारदर्शिताको माध्यमद्धारा सेवा प्रवाहलाई गुणस्तरीय बनाउन ।

- सञ्चालित विकास कार्यक्रम, उपलब्ध सेवा, वस्तु र सुविधा सार्वजनिक गरी सार्वजनिक थलोमा सेवाग्राहीले उठाएका प्रश्नहरुमा स्पष्टता ल्याउन ।

- नागरिकबाट प्राप्त सुझावलाई ग्रहण गर्न तथा जिम्मेवार संस्कार र सरकार सञ्चालनको लागि ।

४. सार्वजनिक सुनुवाई कार्यक्रमको विवरण :

क) सार्वजनिक सुनुवाई कार्यक्रम आयोजना : मुड्केचुला गाउँपालिका

ख) सार्वजनिक सुनुवाई सहजिकरण गर्ने संस्था

ग) सार्वजनिक सुनुवाई कार्यक्रम भएको मिति २०८१ साल मङसिर महिना ९ गते

घ) सार्वजनिक सुनुवाई भएको स्थान : मुड्केचुला गाउँपालिका

ङ) सार्वजनिक सुनुवाई कार्यक्रम गरिएको समयावधि : ४ घण्टा

च) कार्यक्रममा उपस्थिति संख्या :

छ) कार्यक्रमको जवाफदेहिवक्ता : अध्यक्ष /प्रमुख दत्त बहादुर शाही

उप प्रमुख दुदा रोकाया ,

प्रमुख प्रशासकीय अधिकत : रेशम महतारा

गाउँ प्रवक्ताः विष्णु बुढा

५ सार्वजनिक सुनुवाईमा प्रस्तुत गरिएको प्रतिवेदनहरु :

क) मुड्केचुला गाउँपालिकाको चालू आर्थिक वर्ष २०८१/८२ मा गाउँपालिका बाट प्रवाह भएका सेवाहरु तथा गाउँपालिका भरीका विकास योजना तथा कार्यक्रमहरुको कार्यान्वयनको स्थितिबारे जानकारी
प्रमुख प्रशासकीय अधिकृत
रेशम महतारा

ख) आर्थिक विकास प्रतिवेदन : जलसरि

बुढा

ग) सामाजिक विकास प्रतिवेदन : काली बहादुर बि.क.

घ) भौतिक पूर्वाधार विकासको प्रतिवेदन : देब बहादुर परियार

ङ) संस्थागत सुशासन विपद व्यवस्थापन प्रतिवेदनः गोर्ख रोकाया

च) नागरिक प्रतिवेदन : कृति बुढा

६. सार्वजनिक सुनुवाईमा राखिएका विषयवस्तुहरु :

- शिक्षा
- स्वास्थ्य
- खानेपानी तथा सरसफाई
- रोजगार
- कृषि पशु
- भौतिक पूर्वाधार
- सुशासन
- विकास निर्माण
- सेवा प्रवाह स्थिति विवरण

७. सार्वजनिक सुनुवाईमा भएका उपस्थिति



CamScanner

सार्वजनिक सुनुवाई कार्यक्रम २०८१/८२ मा भएका प्रथम चौमासिक अवधिमा सम्पादन गरिएका विकास निर्माण कार्य, गाउँ नगरपालिकाले पुऱ्याएको सेवा प्रवाहकाबारेमा सार्वजनिक सुनुवाई गरियो । नगरपालिकाका विभिन्न वडाका स्थानीय, राजनीतिक दल, टोल विकास समिति, योजना उपभोक्ता समिति, सामुदायिक संस्था, विद्यालय, आमा समूह, शिक्षक, बुद्धिजीवि, पत्रकार लगायतको सहभागिता रहेको थियो ।



CamScanner

आज मिति २०८१।०८।०८ गतेका दिन मुड्केच्युला गाउँपालिकाको आयोजनामा आर्थिक वर्ष २०८१।०८२ को प्रथम त्रैमासिक सार्वजनिक सुनुवाई तपशिल बमोजिमको उपस्थितिमा सम्पन्न गरियो।

उपस्थित

| | | |
|---|---|---|
| | १ दत्त बहादुर शाही | अध्यक्ष |
| | २ दुर्गा रोकाया | उपाध्यक्ष |
| | ३ श्याम महतारा | प्र.प्र.अ |
| | ४ बाग बहादुर बुढा | अध्यक्ष वडा नं. १ |
| | ५ जग बहादुर रावल | " " २ |
| | ६ बिष्णु बुढा | " " ३ |
| | ७ कृति बहादुर बुढा | " " ४ |
| | ८ इच्छा बहादुर शाही | " " ५ |
| | ९ नरेन्द्र बहादुर शाही | " " ६ |
| | १० दत्त बहादुर बुढा | " " ७ |
| | ११ गोरखे रोकाया | " " ८ |
| | १२ दिलिप कुमार बुढा | " " ९ |
| | १३ मायादेवि बोहरा | कार्य पालिका सदस्य |
| | १४ मनकोइली शाही | " " |
| | १५ निर्मला पुन मगर | " " |
| | १६ मनसरी बुढा | " " |
| | १७ गोली बहादुर बि.क. | " " |
| | १८ देव बहादुर परियार | " " |
| | १९ जुनी रावल | महिला सदस्य |
| | २० धिरा बुढा | " " |
| पेमा | २१ प्रेमा शाही | " " |
| | २२ मुकीसरा रोकाया | " " |
| | २३ राजमाया बुढा | " " |
| | २४ दविलाल बोहरा | सदस्य |
| | २५ डिल्ली बहादुर रावल | " |
| | २६ पराविरे दमाई | " |

२७ राम बहादुर शाही सदस्य
२८ सरिता सिंह शाही "
२९ देविसरा बुढा "
३० राजपुरा रोकाया "
३१ खिम बहादुर शाही "
३२ कमला थापा "
३३ मुनलाल बुढा "
३४ धन बहादुर बुढाथोकी "
३५ जन्ते कामी "
३६ भैरराज रोकाया "
३७ लालाजित बुढा "
३८ दलसुर कामी "
३९ धन बहादुर बुढा "
४० तारा सार्की "
४१ धुप कुमारी वि.क. "
४२ मैनकाली सार्की "
४३ पन्चसरा वि.क. "
बुढा ४४ धनकली सार्की "
४५ फूल कुमारी वि.क. "
४६ हरिला सार्की "
४७ लक्ष्मी सार्की "
४८ मंगला कुमारी बुढा रेडियो ... एफ.एम स्टेशन
४९. मिरजान शाही (वाम स. सहभागी)
५०. नरेन्द्र शाही (प्रथम विराम सहभागी)
५१. लोक बहादुर शाही मालिका [illegible]
५२ डिल ब. जटाल ([illegible])
५३. मुकाविर रोकाया नाम संयोजक
५४. विष्णु प्रसाद थापा १नं. वडा सचिव
५५. हेमराज विक [illegible]
५६. अनिल नेत्री कृषि विकास [illegible]
५७. अंगद शाही
५८ [illegible] ब. चन्द [illegible]

PAGE NO ____
DATE / /

४९. प्र.प्र. ठेकेन्द्र सिंह धामी
५४. ६० शान्ति बोहरा
६१. हरि पिरवलामा (सम्पादन सूचना)
६२. दीपक बुढा (अ.म.कु.मुक्तेन्द्रबा - १)
६३ मदन भोराना (कार्यालय स.क.)
६४) दुर्ग प्रसाद रिजाल (योजना शाखा प्रमुख)
६५) वामदेव जोशी (प्रशासन शाखा)
६६) सुजन नगर (स्वास्थ्य सेवा शाखा)
६७) नेहा रिता ठगी (अ.स.इ)
६८) भिमराज सार्की वडा सचिव
६९) गजेन्द्र थापा MIS सहायक
७०) गोरेन्द्र बहादुर शाही प्रमुख सामाजिक प्र.वि.
७१) विष्णु शाही का.स.
७२) राममाया शाही (वडा सचिव)
७३) खगेन्द्र शाही (अ.न.मी.)
७४) भावना कुमारी खड्का (स.म. वि. नि)
७५) सोनामी शाही (एम.आई.एस. अपरेटर)
७६) स्वस्तिका अधिकारी (सहायक पार्चो)
७७) प्रताप लामा (सूचना प्रविधि अधिकृत)
७८) रमिला शाही
८०, कमल कुमार
८१) नर बहादुर बुढा
८२) प्रकाश कुमार तिमल्सिना - इन्जिनियर
(८३) हु.जे. चौधरी
(८४) जीत ब. शाही (आपत संयोजक)
(८५) शान्ता सिंह (गाइडसेवा)
(८६) शिशिर रोकाया
८७) पूर्ण बुढा
(८८) पवित्र बुढा
८९) मोतीलाल
९९) जनक परियार
१००) तारक शाही
१०१ रत्न ब शाही



CamScanner

(१०१) दिर्घ बहादुर शाही (प्रेस सेन्टर, अध्यक्ष)
१०२) बाग बहादुर शाही
१०३) कमल बहादुर शाही
१०४) लाल ब० ७ पु.पु. ले.अ.अ.
गार्ख १०६ गोपे बोहोरा (विद्युत का.स.)
१०६ दोविलाल बोहारा वडा सदस्य
१०८) श्री दिनेश शाही (स्थानीय)
१०९) श्री वण बहादुर शाही (पार्टी प्रतिनिधि)
११०) श्री अंगत शाही (स्थानीय)
१११) श्री



CamScanner

८. सार्वजनिक सुनुवाई कार्यक्रममा उठेका जिज्ञासा, प्रश्न तथा जवाफ जवाफदेही वक्ता

: गाउँ प्रमुख : दत्त बहादुर शाही प्रमुख प्रशासकीय अधिकृत : रेशम महतारा

योजना शाखा : भानु भक्त उपाध्याय

| क. | सेवाग्राही नागरिकको गुनासो सुझाव दिनेको नाम, थर र ठेगाना | सहभागिको पश्न गुनासो सुझाव | सुधारका लागि सुझाव | जवाफदेहीवक्ताको उत्तर सुझाव |
|---|---|---|---|---|
| १ | बाग बहादुर शाही | शैक्षिक स्तर सुधारको लागि नयाँ योजना ल्याउनुपर्ने । | | गाउँपालिकाले शिक्षालाई प्राथमिकतामा राखेरै कार्ययोना अघि बढाएको छ । शिक्षक दरबन्दी नभएको ठाउँमा शिक्षक पठाउने तथा शिक्षाका भवन निर्माणदेखि महत्वपूर्ण काम शिक्षा क्षेत्रमा हुँदैछन् । |
| २ | कमल बहादुर शाही | भौतिक पूर्वाधार निर्माण आयोजनाहरु निर्माण पूरा कहिले हुन्छ ? वडाबाट वितरण भएका योजनाको | | आयोजनाहरुको लागि जग्गा विवाद भएका कारण केही समस्या भएको छ । चाडै टुंगोमा पुर्‍याउँछौ । |



CS CamScanner

| | | | | |
|---|---|---|---|---|
| | | अनुगमन हुन्छ कि हुँदैन ? | | वडाबाट गएका योजनाको पनि अनुगमन गरिन्छ । वडासमितिले पहिले अनुगमन गर्नुपर्छ । |
| ३ | ओमलाल परियार | योजना समानुपातिक तवरणले वितरण गरिनुपर्छ | | वस्तीस्तरबाटै योजना प्रक्रिया अघि बढ्ने गरेको कारण योजना वितरण सोही अनुरुप हुँदै आएको |

९.सार्वजनिक सुनुवाई गर्न अपनाइएको विधि :

- सम्बन्धित गाउँपालिकासँग समन्वय
- सात दिने सार्वजनिक सूचना टाँस, (फेसबुक, सूचना पार्टी, ओइवसाइड )
- एफ एम रेडियोबाट सूचना प्रसारण
- कार्यालयको तर्फबाट पत्रचार

१०. कार्यक्रमबाट भएका उपलब्धिहरु :

✓ गाउँपालिका र गाउँबासी बीचको सम्बन्ध अझ प्रगाढ हुनेछ ।

योजना/आयोजना सञ्चालन र सेवा प्रवाह गर्दा देखिएका राम्रा नराम्रा दुवै पक्षको कार्यको मूल्याङ्कन हुनेछ ।

११. सिकाई सुझाव :

समग्रमा हरेक वर्ष सार्वजनिक सुनुवाई कार्यक्रम हुने गरेका छन् । तर सार्वजनिक सुनुवाई कार्यक्रमलाई अझै फराकिलो घेरामा बनाउनु आवश्यक देखिन्छ । यसको लागि निम्नलिखित सुझाव पेश गर्न चाहन्छौ ।

क) सार्वजनिक सुनुवाईमा स्थानीय सहभागिताको लागि आयोजकले बढि ध्यान दिनुपर्ने ।

ख) सार्वजनिक सुनुवाई कार्यक्रम खुला चौर अथवा ग्रामीण भेग केन्द्रीत गर्नुपर्ने ।

ग) सार्वजनिक सुनुवाई कार्यक्रमबाट आएका सुझाव कार्यान्वयनको लागि छुट्टै टिम बनाउनुपर्ने ।

घ) नागरिक वडापत्र सबै देखिने पहुँच भएको ठाउँमा राख्नुपर्ने ।



CamScanner

ङ) स्थानीयको गुनासो अभिलेखीकरण गर्नुपर्ने ।

१२. निष्कर्ष :

स्थानीय तहलाई सेवाग्राहीप्रति उत्तरदायी, पारदर्शी तथा जवाफदेही बनाउने र नागरिकलाई  सेवा प्रवाहमा जनसहभागिता र चासो बढाउन सार्वजनिक सुनुवाई गर्ने कार्यक्रम प्रभावकारी देखिएका छन् । नागरिक एवं सेवाग्राहीको सक्रियतामा सार्वजनिक प्रशासनमा जवाफदेहिता बढाउन, स्वेच्छाचारी नियन्त्रण, सेवा वितरणमा जनगुनासो आउन नदिन र सेवाग्राहीलाई केन्द्रबिन्दुमा राखेर अशल शासन बनाउन सार्वजनिक सुनुवाई प्रभावकारी देखिएको छ ।

सार्वजनिक निकायमा गर्दै आएका कामलाई अझै सेवाप्रवाहमा थप सुधार ल्याउने वातावरण सिर्जना गर्न पनि यो उपयुक्त छ । नागरिकको सबैभन्दा नजिकको र सबैभन्दा महत्वपूर्ण निकाय पनि स्थानीय सरकार हो । स्थानीय सरकारप्रति जनचासो देखाइनु, काम कारवाही र सेवाप्रवाहमा जनसहभागितामूलक र विगतका गल्ती कमजोरी सच्याएर लैजाने प्रतिवद्धताको लागि यो सुनुवाई महत्वपूर्ण रहेको छ । नागरिकको गुनासो सुनुवाईबाट सार्वजनिक निकायमा न्यायपूर्ण सहभागिता कायम गरी सुशासनको प्रत्याभूति दिलाउन तथा साशन प्रकृयामा सहभागिता बढाउन सार्वजनिक सुनुवाईलाई ग्रामीण भेगकेन्द्रीत गर्नु आवश्यक छ ।


सार्वजनिक सुनुवाई कार्यक्रमको निरन्तरताले सेवाप्रवाहमा नागरिक सरोकार अझै बढ्नेछ । भने साशन प्रकृयामा पारदर्शिता अवलम्वनको लागि प्रभावकारी माध्यम बन्ने छ ।



CamScanner

फोटोहरु





मुड्केचुला गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
नर्कु, डोल्पा
कर्णाली प्रदेश, नेपाल
२०७३

Chief Administration officer



CamScanner